नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : २३/२०७५-७६** **मितिः २०७५/११/२२**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त “क” र “ख” वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १९/२०७४ को बुँदा (६) को खण्ड (क) को विद्यमान वाक्यांशलाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

(क) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोवार गर्ने निर्यातकर्ताहरूबाट परिवर्त्य विदेशी मुद्रामा Pre-shipment तथा Post-shipment कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलब्ध गराउनु पर्नेछ । यस्तो कर्जामा बढीमा One Year Libor दरमा अधिकतम १.२५ (एक दशमलव दुई पाँच) प्रतिशत थप गरी हुन आउने दरले व्याज लिन सकिनेछ र सोको साँवा/ब्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नुपर्नेछ ।

**२. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१.७ को खण्ड (ग) को विद्यमान वाक्यांश पश्चात ई.प्रा.परिपत्र संख्या १४/२०७५-७६ मिति २०७५/०९/१० को परिपत्रबाट थप गरिएको वाक्यांशको सट्टा देहाय बमोजिम कायम गरिएको छ ।**

तर, औद्योगिक कच्चा पदार्थ र मेशिनरी सरसामान प्रतितपत्र मार्फत आयात गर्दा Sight LC को भुक्तानीको लागि वाणिज्य बैंकहरुले परिवर्त्य विदेशी मुद्रामा ऋण प्रवाह गर्दा Six Month LIBOR Rate मा अधिकतम १.२५ (एक दशमलव दुई पाँच) प्रतिशतसम्म थप गरी ऋण प्रवाह गर्नुपर्नेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)

कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श